आज मिति २०७७ साल चैत्र २१ गते शनिबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री कुल बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७७/७८ को दशौं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

**उपस्थिती:**

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री कुल बहादुर कुँवर | अध्यक्ष एवं नगर प्रमुख | ९८५१०७७११८ | |
| २. | श्री बिर्मला देवी बुड्थापा | सदस्य एवं नगर उप-प्रमुख | ९८६८७०७४४६ | |
| ३. | श्री अमर बहादुर शाह | सदस्य एवं वडा अध्यक्ष -१ | ९८६८४३६५५५ | |
| ४. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष -२ | ९८५८६५०७१२ | |
| ५. | श्री कृष्ण बहादुर बुढा | सदस्य एवं वडा अध्यक्ष -३ | ९८६५६२६२६४ | |
| ६. | श्री बालगिरी कुँवर | सदस्य एवं वडा अध्यक्ष -४ | ९८४८६७७५०२ | |
| ७. | श्री उजिरे साउँद | सदस्य एवं वडा अध्यक्ष -५ | ९८६८५२५५६ | |
| ८. | श्री प्रेम राज शर्मा | सदस्य एवं वडा अध्यक्ष -६ | ९८४८६१२७६० | |
| ९. | श्री मिठ्ठु सिंह भाट | सदस्य एवं वडा अध्यक्ष -७ | ९८४८४११६९९ | |
| १०. | श्री टंक बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष -८ | ९८६९१५६८६६ | |
| ११. | श्री ध्रुब बहादुर थापा | सदस्य एवं वडा अध्यक्ष -९ | ९८४८५५४०३५ | |
| १२. | श्री लाल बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष-१० | ९८४८६९२९४८ | |
| १३. | श्री गणेश बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष -११ | ९८६५८३२६४५ | |
| १४. | श्री प्रकाश बहादुर राना | सदस्य एवं वडा अध्यक्ष -१२ | ९८४८५३०१९१ | |
| १५. | श्री सागर सिंह सोनार (बाब्ली) | सदस्य एवं वडा अध्यक्ष -१३ | ९८५८४२६५२४ | |
| १६. | श्री कर्ण बहादुर साउँद | सदस्य एवं वडा अध्यक्ष -१४ | ९८४८६७७९८६ | |
| १७. | श्री जीत बहादुर निशानी लुहार | सदस्य | ९८६२५०१०८८ | |
| १८. | श्री दुरी देवी कुँवर | सदस्य | ९८१४६६७२१० | |
| १९. | श्री सुरत बहादुर भुल | सदस्य | ९८२५६९६११३ | |
| २०. | श्री सावी मिजार | सदस्य | ९८०४६८३८३५ | |
| २१. | श्री शंकर भुल | सदस्य | ९८४८६००८७६ | |
| २२. | श्री जयन्ती देवी बोगटी | सदस्य | ९८६८८००१८२ | |
| २३. | श्री सावित्री देवी कुँवर | सदस्य | ९८६८७२४०६२ | |
| २४. | श्री शान्ती देवी जोशी | सदस्य | ९८४८५२६५४९ | |
| २५. | श्री लक्ष्मी प्रसाद शर्मा | सचिव नि.प्र.प्र.अ. | ९८५८४३०१११ | |

**आमन्त्रित:**

| | | | | |
|---|---|---|---|---|
| २६. | श्री हर्क बहादुर साउँद | का.वा. वडा अध्यक्ष | ९८६५६४८०१९ | |
| २७. | श्री नृप विश्वकर्मा | कानुन शाखा | ९८४८६०४१२० | |

**प्रस्तावहरुः**

१. रिपोर्टिङ

२. कार्यविधी निर्माण सम्बन्धमा ।

३. नगरसभाको भत्ता निर्धारण सम्बन्धमा ।

४. न्यायिक समिति तथा मेलमिलापकर्ताको पुनर्ताजगी तालिम र फर्निचर सहयोग सम्बन्धमा ।

५. आर्थिक सहयोग अनुदान सम्बन्धमा ।

६. विद्यालय लेखा व्यवस्थापन तालिम सम्बन्धमा ।

७. कार्यपालिका सदस्य उद्यमी सिर्जना गर्न क्षमता अभिवृद्धी तालिम सम्बन्धमा ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रम योजना तथा कार्यक्रम अनुमोदन सम्बन्धमा ।

९. वडा आयोजना तथा कार्यक्रमहरुको शीर्षक परिवर्तन सम्बन्धमा ।

१०.उर्जा विकास उप-समिति गठन सम्बन्धमा ।

११. सूचना अधिकारी तोक्ने सम्बन्धमा ।

१२. आ.व.०७८/७९ का लागि उर्जा सम्बन्धी आयोजना माग गर्ने सम्बन्धमा ।

१३. उर्जा तर्फ सशर्तको बजेट कार्यान्वयन सम्बन्धमा ।

१४. विविध

**निर्णयहरुः**

**निर्णय नं. ०१**

प्रस्ताव नं. ०१ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको नवौं कार्यपालिका बैठक यता करिब १ महिनाको समयावधिका बीच यस नगरपालिकाबाट सञ्चालित गतिविधिहरुको बारेमा नगर प्रमुखज्यूबाट संक्षिप्त रिपोर्ट प्रस्तुत भई यस बीचमा साँफेबगर नगरपालिकाका १४ वटै वडा मार्फत सञ्चालित गतिविधिहरुको बारेमा सम्बन्धित वडा अध्यक्ष र आ-आफ्नो क्षेत्रको क्षेत्रगत रिपोर्टिङ नगर उप-प्रमुख र कार्यपालिका सदस्यहरुबाट प्रस्तुत हुँदा कार्य सञ्चालनार्थ देखिएका समस्या तथा ती समस्याको समाधानका उपाय तथा समसामयिक विषयमा पुनः नगर प्रमुखज्यूको सम्बोधन पश्चात रिपोर्टिङ कार्य सम्पन्न गरियो ।

**निर्णय नं. ०२**

प्रस्ताव नं. ०२ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाले तयार गरेका तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृतीका लागि प्रस्तुत भई दफाबार छलफल हुँदा उक्त कार्यविधिहरुमा आवश्यक संशोधन सहित स्वीकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

क. साँफेबगर नगरपालिकाको उर्जा विकास उप-समिति गठन तथा सञ्चालन कार्यविधी २०७७

ख. साँफेबगर नगरपालिकाको लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधी २०७७

ग. साँफेबगर नगरपालिकाको बाल अधिकार समिति, बाल सञ्जाल समिति गठन, व्यवस्थापन तथा परिचालन कार्यविधी २०७७

**निर्णय नं. ०३**

प्रस्ताव नं. ०३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आ.व. २०७७/७८ को पाँचौं र छैटौं नगरसभा सञ्चालन गरी सम्पन्न गर्ने कार्यमा अहोरात्र खटिने जनप्रतिनिधी र कर्मचारीहरुलाई तपसिल

बमोजिमको नगरसभाको प्रोत्साहन भत्ता उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

वडा सदस्य – रु. ७,०००/-

कार्यपालिका सदस्य – रु. ८,०००/-

वडा अध्यक्ष - रु. ९,०००/-

नगर उप-प्रमुख - रु. १०,०००/-

नगर प्रमुख - रु. ११,०००/-

नगरसभामा खटिने कर्मचारीहरुलाई १५ दिनको तलब भत्ता बराबरको रकम ।

**निर्णय नं. ०४**

प्रस्ताव नं. ०४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको न्यायिक समिति तथा मेलमिलापकर्ताहरुको लागि पुनर्ताजगी तालिम यही मिति २०७८ साल बैशाख तेस्रो साता सञ्चालन गर्ने र न्यायिक समिति अन्तर्गत प्रत्येक वडामा स्थापित मेलमिलाप केन्द्रहरुको कार्य सञ्चालनका लागि १ वटा टेबुल र आवश्यकता अनुसार १ देखि ३ वटा सम्म कुर्सी उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ०५**

प्रस्ताव नं. ०५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका तथा जिल्ला तहका साथै विभिन्न क्षेत्रहरुमा योगदान पुरयाउने तपसिल बमोजिमका व्यक्ति तथा संस्थाहरुलाई निम्नानुसार आर्थिक सहयोग अनुदान उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

क. कलाकार नर बहादुर भण्डारी मंगलसेन न.पा. १४ कालागाउँ क्यासेट प्रकासन- रु. २५ हजार

ख. पत्रकार तपेन्द्र बहादुर कुँवर सार्जनिक सुनुवाई सहजीकरण रु. १० हजार

ग. कमलबजार प्रथम साँस्कृतिक महोत्सव रु. २५ हजार

घ. वण्डाली बाल विकास केन्द्र नदुकाना छाना मर्मत रु. ३५ हजार

ङ. जन साहारा सुदूरपश्चिम प्रोफाइल छपाई रु. १५ हजार

च. कञ्चनपुर भम्केनी वैद्यनाथ कुण्ड निर्माण रु. ५५ हजार

छ. सशस्त्र प्रहरी बल नेपाल हे.क्वा.नं. ४९ गुल्म खप्तड गाडी मर्मत रु. १ लाख

ज. शैलुन व्यवसाय स्थापना तथा सञ्चालन सहयोग (निरन्तर) रु. २५ हजार

**निर्णय नं. ०६**

प्रस्ताव नं. ०६ विविध माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गतका विद्यालयहरुको लेखा प्रणालीमा समसामयिक सुधार गर्न लेखा व्यवस्थापन तालिम सञ्चालन गर्नुपर्ने भएकोले यही मिति २०७८ साल बैशाख चौथो साता विद्यालय लेखा व्यवस्थापन तालिम सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. ०७**

प्रस्ताव नं. ०७ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गतका कार्यपालिका सदस्यहरुका लागि उद्यमी सिर्जना क्षमता अभिवृद्धी तालिम यही मिति २०७८ साल बैशाख १४ र १५ गते सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ०८**

प्रस्ताव नं. ०८ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आ.व. २०७७/७८ मा सञ्चालित तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| क्र.सं. | वडानं. | आयोजनाकोनाम | कैफियत |
|---|---|---|---|
| १ | १ | कालिमाटी कुपसैन गोरेटो बाटो मर्मत | युवा रोजगारी |
| २ | | बोक्सेगडा चौतारो निर्माण | सामुदायिक आयोजना |
| ३ | | पिपलरुखचौतारो निर्माण | सामुदायिक आयोजना |
| ४ | २ | वडा कार्यालय भवन मर्मत निर्माण | युवा रोजगारी |
| ५ | | कृतिखाम मुख्य सडकदेखि चापाधारासम्म गोरेटो बाटो निर्माण | सामुदायिक आयोजना |
| ६ | | आरीखेत खानेपानी निर्माण | सामुदायिक आयोजना |
| ७ | | गोयलापानी बजारदेखि टिपेखाला सम्म गोरेटो बाटो निर्माण | सामुदायिक आयोजना |
| ८ | ३ | गोलीगाँउदेखि खप्तड सडक सम्म गोरेटो बाटो निर्माण | सामुदायिक आयोजना |
| ९ | ५ | श्री जल्पादेवी प्रा.वि.खेलमैदान निर्माण | सामुदायिक आयोजना |
| १० | ६ | रिठागाँउ धारा देखि क्याम्पसको मोड सम्म गेरेटो बाटो निर्माण | सामुदायिक आयोजना |
| ११ | | छिपेखोला देखि सालामाडु बडका रुख सम्म गोरेटो बाटो निर्माण | सामुदायिक आयोजना |
| १२ | | लङ्कमाता देखिचौतारा हुदैं वडा कार्यालय सम्म गोरेटो बाटो निर्माण | सामुदायिक आयोजना |
| १३ | ७ | बैठक घेरापर्खाल पटकानी निर्माण | सामुदायिक आयोजना |
| १४ | | नवगाँउ पटकानी निर्माण | सामुदायिक आयोजना |
| १५ | | कालिकादेवी मन्दिर मर्मत | सामुदायिक आयोजना |
| १६ | ८ | चण्डिका खानेपानी पाइप लाइन खोदाई | सामुदायिक आयोजना |
| १७ | | जमालगाँउ देखि जिम्राडी गोरेटो बाटो निर्माण | सामुदायिक आयोजना |
| १८ | ९ | बुढाकोट सडक मर्मत तथा स्तरउन्नति | सामुदायिक आयोजना |
| १९ | | रागोहान्ने, थालगाँउ, बाँसकाटिया गोरेटो बाटो निर्माण | सामुदायिक आयोजना |
| २२ | १० | बेतालमाण्डौमा.वि. मैदाननिर्माण | सामुदायिक आयोजना |
| २१ | | छारेखेत घुघुरकोट मा.वि. गोरेटो बाटो निर्माण | सामुदायिक आयोजना |
| २२ | | वडा कार्यालयको घेरापर्खाल मर्मत | युवा रोजगारी |
| २३ | ११ | कर्मचारी आवास भवन निर्माण | सामुदायिक आयोजना |
| २४ | | टुनि खोला देखि धामिलेक सम्म सडकमर्मत | युवा रोजगारी |
| २५ | | स्वास्थय चौकी घेरापर्खाल निर्माण | सामुदायिक आयोजना |
| २६ | | तालरवादेखि पातलगाँउ सम्म सडक गोरेटो बाटो निर्माण | सामुदायिक आयोजना |
| २७ | | मष्टादेवताको घेरापर्खाल निर्माण | सामुदायिक आयोजना |
| २८ | १२ | वडा खेलमैदान निर्माण | सामुदायिक आयोजना |
| २९ | १३ | सिल्का पर्यटकिय क्षेत्र सार्वजानिक स्थल निर्माण | सामुदायिक आयोजना |
| २० | | बुढाकोट-पातलकोट-भासुवन ग्रामिण सडक मर्मत | सामुदायिक आयोजना |

| | | | |
|---|---|---|---|
| ३१ | १४ | भेरीखोला-घुरुगाँउ सिचाई मर्मत | युवा रोजगारी |
| ३२ | | घट्टेखोला-डाडाबाडा सिचाई मर्मत | युवा रोजगारी |
| ३३ | | कन्जेन्सी-पानिमुल-रानागाँउ सिचाई मर्मत | सामुदायिक आयोजना |

**निर्णय नं. ०९**

प्रस्ताव नं. ०९ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत तपसिल बमोजिमका वडा कार्यालय मार्फत चालु आ.व. २०७७/०७८ मा सञ्चालन हुने तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको शीर्षक परिवर्तनका लागि सम्बन्धित वडा कार्यालयबाट अनुरोध भई आएकोले शीर्षक परिवर्तन गरी संशोधन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| वडा | योजना तथा कार्यक्रम | बजेट रकम | संशोधित योजना तथा कार्यक्रम | बजेट रकम |
|---|---|---|---|---|
| १३ | १. ठिन्के सुगदह बाब्ला खानेपानी निर्माण | ५,५०,०००/- | क. भैपरी आरउने चालु खर्च<br>ख. तल्ला सिउ ढुङ्गा सोलिङ बाटो निर्माण<br>ग. धमालीकोट ढुङ्गा सोलिङ बाटो निर्माण<br>घ. बाब्ली टोल ढुङ्गा सोलिङ बाटो निर्माण<br>ङ. बाहुन टोल ढुङ्गा सोलिङ बाटो निर्माण | ४००००/-<br>१,१००००/-<br>१,०००००/-<br>२,०००००/-<br>१,०००००/- |
| | २. स्थानीय तह प्रकोप व्यवस्थापन कोष अनुदान | ४,०००००/- | क. स्थानीय तह प्रकोप व्यवस्थापन कोष अनुदान<br>ख. वडा कार्यालय विद्युत जडान<br>ग. अमगाई माडुस्थल मैदान निर्माण<br>घ. शिल्काथली संरक्षण | २,०००००/-<br>५०,०००/-<br>१,०००००/-<br>५०,०००/- |
| ४ | १. बेमौसमी तरकारी प्रबर्द्धन कार्यक्रम<br>२. बाख्रापालन तथा दुध उत्पादन स्व- लगानी गर्ने कृषकलाई प्रोत्साहन<br>३. पशु उपचार र बाली औषधी खरिद<br>४. विद्युत मर्मत | २०,०००/-<br>२०,०००/-<br>५०,०००/-<br>३०,०००/- | विविध<br>विविध<br>विविध<br>विविध | २०,०००/-<br>२०,०००/-<br>५०,०००/-<br>३०,०००/- |
| ६ | १. भैपरी आउने चालु खर्च<br>२. वडा क्षेत्र सडक मर्मत | ४,५८,८००/-<br>७०,०००/- | विविध खर्च<br>नयाँभीर सडक निर्माण योजना | ४,५८,८००/-<br>७०,०००/- |
| १० | १. भैपरी आउने पूँजीगत खर्च<br>२. वडा कार्यालय गलुकाँडा | ४,०००००/- | १. मोटर साइकल खरिद<br>२. चुल्ठे गलुकाँडा देखि देउझाल सम्म सडक निर्माण | २,४५,०००/- |

| | | | | |
|---|---|---|---|---|
| | गोरेटो बाटो निर्माण<br>३. आउजी टोल चौतारा निर्माण | ५०,०००/-<br>२०,०००/- | ३. श्री त्रिपुरा सुन्दरी प्रा.वि. लाई शैक्षिक अनुदान<br>४. श्री गंगा प्रा.वि. लाई शैक्षिक अनुदान<br>५. आउजी टोल चौतारा निर्माण | ४०,०००/-<br>३५,०००/-<br>५०,०००/- |
| २ | १. प्रकोप व्यवस्थापन कोष<br>२. त्रिपुरा सुन्दरी क्याम्पस सरस्वती मन्दिर निर्माण<br>३. पिंधरा खानेपानी मुहान संरक्षण | ५,०००००/-<br>५०,०००/-<br>३०,०००/- | १. कार्यालय सञ्चालन तथा व्यवस्थापन खर्च<br>२. त्रिपुरा सुन्दरी क्याम्पस फर्निचर सहयोग<br>३. विपन्न, असहाय एवं ज्येष्ठ नागरिक सहयोग | १,५०,०००/-<br>५०,०००/-<br>३०,०००/- |
| ७ | १. शोडशा देवी मन्दिर निर्माण<br>२. भैपरी आउने पूँजीगत खर्च | १,३२,०००/-<br>१,१९,०००/- | १. ककडसाँत घेरापर्खाल निर्माण<br>२. पाइप तथा हिल ट्यांक खरिद | १,३२,०००/-<br>१,१९,०००/- |

**<u>निर्णय नं.१०</u>**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको भौतिक पूर्वाधार विकास समिति अन्तर्गत नगरक्षेत्रमा उर्जा विकाससँग सम्बन्धित गतिविधीहरु सञ्चालन गर्न तपसिल बमोजिम उर्जा विकास उप-समिति गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| कार्यपालिका सदस्य | श्री शंकर भुल | - संयोजक |
| भौतिक पूर्वाधार विकास शाखा प्रमुख | श्री निराजन शाह | - सदस्य |
| नवीकरणीय उर्जासँग सम्बन्धित नागरिक | श्री अम्मर सिंह थापा | - सदस्य |
| उर्जा क्षेत्रमा निजी पेशा व्यवसाय गर्ने महिला वा दलित | श्री छत्रमान ताम्राकार | सदस्य |
| पूर्वाधार विकास शाखा अन्तर्गत उर्जाक्षेत्र हेर्ने कर्मचारी | श्री धनराज जोशी | सदस्य सचिव |

**<u>निर्णय नं.११</u>**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिका कार्यालयको सूचना अधिकारीको रुपमा कामकाज गर्दै आउनुभएका सूचना प्रविधि अधिकृत श्री कविता कुँवर आफ्नो पदबाट राजिनामा गर्नु भएकोले अर्को व्यवस्था नभए सम्मको लागि यस साँफेबगर नगरपालिका स्वास्थ्य शाखा प्रमुख श्री पुष्प बहादुर बुढालाई सूचना अधिकारी तोक्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**<u>निर्णय नं.१२</u>**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा चालु आ.व. २०७७/०७८ मा उर्जा क्षेत्रको विकासका लागि प्राप्त सशर्तको बजेट अपुग हुने भई थप आयोजना तथा कार्यक्रम सञ्चालन गर्न नसकिने भएकोले आगामी आ.व. २०७८/०७९ मा सञ्चालन हुने गरी तपसिल बमोजिमका आयोजना तथा कार्यक्रममा बजेट व्यवस्थाका लागि वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र नयाँ बानेश्वर काठमाण्डौंमा माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

१. कालिमाटी सौर्य सिंचाई आयोजना वडा नं. १ रु. १५,००,०००/-
२. ककडसात सौर्य सिंचाई आयोजना वडा नं. ७ रु. १५,००,०००/-
३. काटेखेत सौर्य सिंचाई आयोजना वडा नं. ३ रु. १५,००,०००/-
४. सेलीखेत सौर्य सिंचाई आयोजना वडा नं. १३ रु. १५,००,०००/-
५. चुल्ठे सौर्य सिंचाई आयोजना वडा नं. १० रु. १५,००,०००/-
६. जुम्ला फडेला सौर्य सिंचाई आयोजना वडा नं. ६ रु. १५,००,०००/-
७. आधुनिक धुँवा रहित चुल्हो खरिद तथा वितरण रु. ५०,००,०००/-
८. बागभिंडी सौर्य सिंचाई आयोजना वडा नं. २ रु. १५,००,०००/-

**निर्णय नं.१३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा चालु आ.व. २०७७/०७८ मा उर्जा क्षेत्रको विकासका लागि प्राप्त सशर्तको बजेट अन्तर्गत धुँवा रहित चुल्हो खरिद तथा वितरण कार्यमा खर्च गर्ने निर्णय भएकोमा टोलबस्तीमा सौर्य बत्तीको आवश्यकतालाई मध्यनजर गरी सशर्तको बजेट रकम रु. १२ लाखमा रकम रु. २ लाख नगरपालिकाको तर्फबाट थप गरी सौर्य बत्तीमा खर्च गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

उल्लेखित निर्णयहरु पारित गर्दै आजको बैठक सम्पन्न गरियो ।